गलकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ४ मितिः २०८०/१२/२०


भाग-२

## सूरक्षित नागरिक आवास (कार्यक्रम सञ्चालन) कार्यविधि, २०८०

प्रस्तावनाः

नेपालको संविधानले प्रदान गरेका नागरिकको मौलिक हक अन्तर्गत उपयुक्त, सूरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न नगरपालिका क्षेत्रभित्रका अति गरिब, विपन्न, विपद्का कारण घरवार विहिन भएका, प्रकोपको अति जोखिममा परेका परिवारहरुको खरको छाना विस्तापित गरी सूरक्षित नागरिक आवास निर्माणको गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम गलकोट नगरपालिका नगरकार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "सूरक्षित नागरिक आवास (कार्यक्रम सञ्चालन) कार्यविधि, २०८०" रहको छ ।

ख) यो कार्यविधि गलकोट नगरपालिकाको नगरकार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

**२. परिभाषा:-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "नगरपालिका" भन्नाले गलकोट नगरपालिकालाई सम्झनुपर्छ ।

ख) "छनौट तथा सिफारिस समिति" भन्नाले दफा १० को उपदफा (क) बमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

ग) सूरक्षित नागरिक आवास भन्नाले आगलागी तथा हावापानी थेग्न सक्नेगरी निर्माण गरिएका काठ, इट्टा, ढुंगा, ब्लकले बनेको पराल र खर बाहेकका छानायुक्त आवासीय घर सम्झनु पर्दछ ।

घ) "लाभग्राही" भन्नाले दफा ५ बमोजिम छनौट भएको लाभग्राहीलाई सम्झनु पर्छ ।

ङ) "लक्षित वर्ग" भन्नाले पहिचान भएका नगरपालिका क्षेत्रभित्रका अति गरिब, बिपन्न, प्रकोपका कारण घरवार विहिन भएका, प्रकोपको अति जोखिममा परेका, पराल वा खरको छाना भएका घर परिवार सम्झनुपर्छ ।

च) "अति विपन्न परिवार" भन्नाले एकाघर सँगोलमा बसेको परिवारको सदस्य मध्ये कुनैपनि सदस्य सार्वजनिक वा निजी संगठित संस्थामा नेपाल सरकारले तोकेको न्यूनतम ज्यालादर भन्दा कम नहुने गरी पारिश्रमिक पाउने गरी रोजगारी प्राप्त गरेको, कम्तिमा एक वर्षदेखि भारत बाहेकका देशमा बैदेशिक रोजगारीमा गएको, स्वदेश वा विदेशमा कुनै उद्यम व्यवसाय गरी बसेको, स्वदेशी वा विदेशी सरकार वा संस्थाबाट नियमित रोजगारी वा निवृत्तभरण प्राप्त गरिरहेको बाहेक आय आर्जनको अवस्था नाजुक भई दैनिक ज्यालादारीमा काम गरी गुजारा गर्ने परिवारलाई सम्झनुपर्छ।

## परिच्छेद २

## लक्षित वर्ग घर परिवार पहिचान र कार्यक्रम सञ्चालन हुने स्थान

**३. कार्यक्रम सञ्चालन हुने स्थान**

(क) सूरक्षित नागरिक आवासका लागि अनुदान कार्यक्रम बजेट विनियोजना भएका गलकोट नगरपालिकाका कुनैपनि वडामा सञ्चालन गर्न सकिनेछ ।

(ख) वडागत रुपमा बजेट विनियोजन नभएको हकमा सञ्चालन हुने कार्यक्रमहरुको लागि नगरकार्यपालिकाले कार्यक्रम सञ्चालन गर्ने वडा तोकिदिनुपर्नेछ ।

(ग)यथास्थानमा पुनः निर्माण गरिने सूरक्षित नागरिक आवासलाई प्राथमिकता दिने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**४. सूरक्षित नागरिक आवास अनुदान प्राप्त गर्नका लागि सूचना प्रकासन भएपछि तपसिल बमोजिमका कागजात सम्वन्धित वडा कार्यालयमा पेश गर्नुपर्ने छ ।**

(क) अनुसुची १ बमोजिम ढाँचामा सम्वन्धित वडामा आवेदन ।

(ख) नेपाली नागरिकताको प्रतिलिपी ।

(ग)विगतदेखि सो स्थानमा स्थायी बसोवास गर्दै आएको प्रमाण ।

(घ) जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात।

(ङ) बसोबास गरेको घरमा खरको छाना भएको वा प्रकोपको अति जोखिममा रहेको वा घरबार विहिन, अतिविपन्न, एकल महिला वा बृद्धबृद्धा वा दलित वा पिछडिएको समूदाय भएको भनी खुल्ने सम्बन्धित वडाको सिफारिस ।

**५. लाभग्राहीको छनौट प्रक्रियाः**

(क) सूरक्षित नागरिक आवास कार्यक्रमबाट अनुदान प्राप्त गर्न इच्छुक र मापदण्ड पुगेका लाभग्राहीबाट आवेदन

दिन सक्ने गरी वडा कार्यालय वा धेरै वडाहरुमा कार्यक्रम सञ्चालन हुने भएमा नगरपालिकाबाट कम्तीमा सात दिनको सार्वजनिक सूचना जारी गर्नुपर्नेछ ।

(ख) उपदफा (क) बमोजिम पर्न आएका आवेदनहरु सम्बन्धित वडाले दफा (१०) बमोजिम गठित वडास्तरीय सूरक्षित नागरिक आवास लाभग्राही छनौट तथा सिफारिस समितिमा पेश गर्ने छ ।

(ग) उपदफा (ख) बमोजिम वडास्तरीय सूरक्षित नागरिक आवास लाभग्राही छनौट तथा सिफारिस समितिले प्रकोपका कारण घरवार बिहिन भएका, प्रकोपको अति जोखिममा परेका परिवार, अति विपन्न घर परिवारको छनौट गर्नुपर्ने छ । साथै लाभग्राही छनौट गर्दा बृद्ध, एकल महिला, दलित, विपन्न, अनाथ बालबालिका, जंगली जनावरबाट निरन्तर पिडित भई रहने तथा अपाङ्गता भएका घर परिवार साथै यस भन्दा अगाडि खरको छाना भएको लक्षित परिवार पहिचान भई स्वीकृत भएर आएकाहरुलाई पहिलो प्राथमिकतामा दिइनेछ ।

(घ) संगोलमा रहेका परिवारले एउटै आवासमा मात्र अनुदान प्राप्त गर्न सक्नेछन् ।

(ङ)एकै परिवारलाई आवास प्रयोजनका लागि सरकारी कोषबाट दोहोरो सुविधा दिइने छैन, तर सरकारी कोष बाहेक अन्य संघ संस्था वा निकायबाट दिइने सहयोग वा समपुरक कोषका लागि बाधा पुगेको मानिने छैन ।

(च) यो कार्यविधि बमोजिमको प्रकृया पूरा गरी आउने उपदफा (ग) बमोजिमका निवेदनहरुबाट वडा स्तरीय सूरक्षित नागरिक आवास लाभग्राही छनौट तथा सिफारिस समितिले विनियोजित बजेटको आधारमा लाभग्राहीहरुको अन्तिम टुङ्गो लगाउनेछ।

## परिच्छेद ३
## सम्झौता, निर्माण तथा रकम निकासा सम्बन्धी

**६. सम्झौताः**

(क)दफा ५ बमोजिम सूरक्षित नागरिक आवासका लागि अनुदान प्राप्त गर्न छनौट भएका सहभागीहरुसँग अनुसूची- २ बमजिमको ढाँचाका आधारमा सम्झौता गरिनेछ ।सम्झौता गर्दा सोही आर्थिक वर्षभित्र कार्य सम्पन्न गर्ने गरी गर्नुपर्नेछ।

(ख)छनौट भएका लाभग्राहीहरुसँग सम्झौता गर्दा समितिले प्राविधिक कर्मचारी खटाई लागत अनुमान गर्न लगाउनु पर्नेछ।लागत अनुमान तयार गर्दा प्रतिस्थापन गरिने छानाको अतिरिक्त छानो छाउन प्रयोग हुने काठ र घरको गारो सामान्य रुपमा थप गर्नु पर्ने भएमा सो कार्यको समेत लागत समावेश गर्नुपर्नेछ।

(ग) सम्झौता गर्ने/गराउने तथा कार्यमूल्याङ्कन गरी रकम उपलब्ध गराउन सिफारिस गर्ने जिम्मेवारी सम्बन्धित वडाको वडास्तरीय सूरक्षित नागरिक आवास छनौट तथा सिफारिस समितिको हुनेछ।यसको लागि आवश्यक प्राविधिक सहयोग नगरकार्यपालिकाको कार्यालयले उपलब्ध गराउने छ।

(घ)कार्यसम्पन्न भएको जानकारी प्राप्त भएपछि तोकिएको प्राविधिक कर्मचारीले नाप जाँच गरी कार्यसम्पन्न प्रतिवेदन तैयार गर्नुपर्नेछ। वडास्तरीय सूरक्षित नागरिक आवास छनौट तथा सिफारिस समितिले स्थलगत अनुगमन गरी कार्य सम्पन्न भएको भनी भुक्तानीको लागि सिफारिस गर्नुपर्नेछ।

**७. निर्माण कार्य र लागत सहभागिताः**

(क) लाभग्राही र वडा कार्यालयबीच सम्झौता पश्चात नगरपालिकाबाट उपलब्ध गराईएको डिजाईन, इस्टिमेट बमोजिमको ढाँचामा घर निर्माण गर्नुपर्नेछ ।तर छाना मात्र विस्थापित गर्नुपर्ने भएमा घरको डिजाइन बमोजिमको छानाको इस्टिमेट गरिदिनुपर्नेछ।

(ख) उपदफा (क) बमोजिमको घरको कुल लागतमा नगरपालिकाले सम्झौता बमोजिम उपलब्ध गराउने रकम बाहेक थप रकम खर्च हुने भएमा लाभग्राही स्वयंले नै व्यहोर्नु पर्नेछ ।

(ग) उपदफा (क) बमोजिमको ढाँचामा परिवर्तन गरी थप निर्माण गर्नुपर्ने भएमा वडा स्तरीय सूरक्षित नागरिक आवास लाभग्राही छनौट तथा सिफारिस समितिको स्विकृति लिनुपर्नेछ ।

**८. अन्य निकायले सहयोग गर्नेः**

(क) सूरक्षित नागरिक आवास कार्यक्रमको थप विस्तारका लागि प्रदेश तथा संघीय सरकारमा (प्रस्तावना) योजना पेश गरी कार्यक्रम विस्तार गर्न सकिनेछ ।

(ख) सूरक्षित नागरिक आवास कार्यक्रममा थप सहयोग र विस्तारका लागि विभिन्न संघ, संस्था र दातृ निकायसंग समन्वय र सहकार्य गरिनेछ ।

(ग)नेपाल सरकार, प्रदेश सरकारको पूर्वाधार तथा अन्य सेवासँग सम्बन्धित निकायहरुसँग कार्यक्रम सञ्चालन क्षेत्रमा भौतिक सेवा तथा पूर्वाधार विस्तार तथा विकासका लागि सहयोग लिन सकिनेछ ।

**९. रकम निकासाः**

(क) सम्झौता पश्चात लाभग्राहीले नगरपालिकाबाट सिफारिस गरेको बैंकमा खाता खोल्नु पर्नेछ ।

(ख) नगरपालिकाले लाभग्राहीसँग सम्झौता भएपछि वडास्तरीय सूरक्षित नागरिक आवास छनौट तथा सिफारिस समितिको सिफारिसमा पहिलो किस्ता बापतको पचास प्रतिशत रकम बैक खाता मार्फत उपलब्ध गराउने छ।अन्तिम तथा दोस्रो किस्ता बापतको रकम कार्यसम्पन्न भएको आधारमा बैंक मार्फत भुक्तानी गरिनेछ।

(ग) सूरक्षित नागरिक आवासका लागि उपलब्ध गराइने अनुदान रकम प्रति आवास (प्रति परिवार) रु. ५० हजार सम्म हुनेछ ।थप रकम आवश्यक देखेमा नगर कार्यपालिकाले अनुदान रकम थप गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(घ) कुनै लाभग्राहीले कुनै कारणले आवास निर्माण कार्य सम्पन्न गर्न नसकेमा वा सोही आर्थिक वर्षभित्र निर्माण सम्पन्न गर्न नसक्ने भएमा निर्माण कार्यको मूल्याङ्कन गरी उचित ठहरे बमोजिमको रकम मात्र प्रदान गरिनेछ ।त्यस्तो लाभग्राहीलाई पुन अर्को आर्थिक वर्षमा अनुदान दिइने छैन।

## परिच्छेद ४

## समिति सम्बन्धी व्यवस्था

**१०. वडा स्तरीय सूरक्षित नागरिक आवास छनौट तथा सिफारिस समितिः**

(क) कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्थापन तथा सुपरिवेक्षण गर्नका लागि देहाय बमोजिमको एक वडा स्तरीय सूरक्षित नागरिक आवास छनौट तथा सिफारिश समिति रहनेछः

| | |
|---|---|
| १) वडा अध्यक्ष | संयोजक |
| २) वडा सदस्यहरु | सदस्य |
| ३) सम्बन्धित वडाबाट कार्यपालिकामा प्रतिनिधित्व गर्ने कार्यपालिका सदस्य | सदस्य |
| ५) सम्बन्धित वडा हेर्ने प्राविधिक कर्मचारी | सदस्य |
| ६) वडा सचिव | सदस्य सचिव |

(ख) वडास्तरीय सूरक्षित नागरिक आवास छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) कार्यक्रम सञ्चालन सम्बन्धी वडा क्षेत्रमा कार्यान्वयन गरिने आवास संख्या निर्धारण गर्ने ।

(२) विपन्न आवास प्राप्त गर्न लाभग्राही छनौटका लागि सूचना आह्वान गर्न वडा कार्यालयलाई निर्देशन दिने ।
(३) प्राप्त दरखास्तहरु मध्येबाट दफा (४) बमोजिम छानविन गरी लक्षित लाभग्राही छनौट गरी अन्तिम टुङ्गो लगाउने।
(४) कार्यक्रम सञ्चालनको क्रममा कुनै बाधा आईपरेमा फुकाउन सहजीकरण गर्ने ।
(५) कुनै कारणवस निर्माण कार्य सम्पन्न हुन नसकेमा सोको मूल्याङ्कन गर्न लगाई उचित ठहरे बमोजिमको रकम फरफारक गराउने ।
(६) सूरक्षित नागरिक आवास निर्माण कार्य र भौतिक पूर्वाधारका लागि सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गर्ने।
(७) वडा कार्यालयलाई लाभग्राही परिवारसँग सम्झौता गर्न/गराउन लगाई कार्यक्रम कार्यान्वयन गर्ने ।
(८) कार्यक्रमको सुपरिवेक्षण गर्ने/ गराउने र समय समयमा नगरकार्यपालिकाले दिएको निर्देशनको कार्यान्वयन गर्ने ।
(ग) बैठक र सुविधा सम्बन्धी व्यवस्थाः
(१) सूरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।
(२) बैठकमा आवश्यकता अनुसार बिज्ञ वा सम्बन्धित संस्थालाई आमन्त्रण गर्न सकिनेछ ।
(३) सूरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिका पदाधिकारीहरुको बैठक तथा अनुगमन खर्च उपलब्ध हुने छैन तर बैठक वस्दाको दिनको नियमानुसार खाजा खर्च वडा कार्यालयबाट भुक्तानी गर्न बाधा पर्ने छैन।

## परिच्छेद ५
## विविध

**११. बेच बिखन गर्न नपाउने**

लाभग्राहीले आवास निर्माण सम्पन्न भएको मितिले पाँच बर्षसम्म उक्त आवास बेचविखन गर्न पाउने छैन ।

**१२.कारवाही हुनेः**

सूरक्षित नागरिक आवास कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी सुविधा लिएको ठहर हुन आएमा त्यस्ता व्यक्तिले लिएको सुविधा फिर्ता गर्नु पर्नेछ ।

**१३. बचाउः**

(क) यसमा उल्लेख नभएका अन्य व्यवस्था नगरकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।
(ख)यस कार्यविधिको व्याख्या, संशोधन र परिमार्जन गर्ने अन्तिम अधिकार नगरकार्यपालिकामा रहनेछ ।

## अनुसूची- १
## (दफा ४ क संग सम्बन्धित) निवेदनको ढाँचा

मितिः

श्री वडा अध्यक्ष ज्यू,
…………नं. वडा कार्यालय,---------------,गलकोट
बाग्लुङ।

विषयः सूरक्षित नागरिक आवास अनुदान सम्बन्धमा ।

म गलकोट नगरपालिका…………..नं. वडा……………………..टोलमा स्थायी बसोबास गरिरहेको र मेरो आर्थिक अवस्था कमजोर रहेको हुँदा घरको छाना खर, फुस/परालबाट छाएको / विपदबाट क्षति पुगेको/ प्रकोप जोखिममा रहेको छ। तसर्थ वडाबाट उपलब्ध गराइने सूरक्षित नागरिक आवास कार्यक्रम (गलकोट) मा समावेश गराई मेरो कि.नं…………..,……… क्षेत्रफलमा रहेको घर निर्माणको लागि/छाना विस्थापनका लागि अनुदान रकम उपलब्ध गराई दिनुहुन निवेदन गर्दछु ।

संलग्न कागजातहरु (भएकोमा मात्र चिन्ह लगाउनुहोस् )
(१) नेपाली नागरिकताको प्रतिलिपि ।
(२) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण ।
(३) जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको कागजात
(४) बसोबास गरेको घरमा खरको छाना भएको वा प्रकोपको अति जोखिममा रहेको वा घरबार विहिन, अतिविपन्न, एकल महिला वा बृद्धबृद्धा वा दलित वा पिछडिएको समूदाय भएको भनी खुल्ने सम्बन्धित वडाको सिफारिस ।

**निवेदकको**

नाम थर…………………………
नागरिकता नम्बर………………..
ठेगाना……………………………
सम्पर्क नं………………………..
हस्ताक्षर…………………………

**अनुसूची- २**

**दफा ६ (क) सँग सम्बन्धित**

गलकोट नगरपालिका

वडा कार्यालय र सूरक्षित नागरिक आवास कार्यक्रमका लाभग्राही बीच अनुदान उपलब्ध गराउने सम्बन्धि सम्झौता पत्र ।

१. कार्यक्रम स्थल

जिल्लाः बाग्लुङ नगरपालिकाः गलकोट वडा नं............. टोल....................

२. उद्देश्यः आवास निर्माण/छाना विस्थापन ।

३. कुल लागत रु.: न.पा. अनुदानः- लाभग्राहीको सहभागिताः-

४. प्रास्तावित निर्माण कार्य अवधिः

(क) शुरु हुने मितिः २०......../............/

(ख) पुरा हुने मितिः २०......../............/

५. निर्माण कार्य सम्बन्धि सेवा र शर्तहरुः

(क) लाभग्राही र वडा कार्यालय बिच सम्झौता पश्चात प्राविधिकबाट उपलब्ध गराइएको डिजाइन इस्टिमेट बमोजिमको ढाँचामा आवास/ छाना निर्माण गर्नुपर्नेछ ।

(ख) उपदफा (क) बमोजिमको घरको कुल लागतमा वडा कार्यालयले सम्झौता बमोजिम उपलब्ध गराउने रकम बाहेक थप रकम सेवाग्राही स्वयंले लागत सहभागितामा गर्नु पर्नेछ

(ग)उपदफा (क) बमोजिमको निर्माणका लागि प्राविधिक सहयोग नगरपालिकाबाट उपलब्ध हुनेछ ।

(घ) सम्झौता पश्चात लाभग्राहीले नगरपालिकाबाट सिफारिस गरेको बैकमा खाता खोल्नुपर्नेछ

(ङ)वडा कार्यालयले नगरपालिका मार्फत लाभग्राहीलाई कार्यप्रगति र सम्झौताको आधारमा सूरक्षित आवास बनाउनको लागि ५०% र आवास निर्माण कार्य सम्पन्न भएपछि बाँकी ५०% रकम बैंक मार्फत दुई किस्तामा उपलब्ध गराउनेछ।

(च) सूरक्षित नागरिक आवासका लागि उपलब्ध गराइने अनुदान रकम प्रति आवास (प्रति परिवार) रु. ५०,०००/- सम्म हुनेछ ।सो भन्दा वढी खर्च भएमा सम्बन्धित लाभग्राहीले नै व्यहोर्नु पर्नेछ भने कम खर्च भएमा खर्च भएको रकम मात्रै भुक्तानी गरिने छ।

(छ) यस सम्झौतामा उल्लेखित बाहेक अन्य कुराहरुको हकमा नगरकार्यपालिकाको निर्णय र प्रचलित कानुन बमोजिम हुनेछ ।

**६. सम्झौताका पक्षहरुः**

**<u>कार्यालयको तर्फबाट</u>**

नामः

पदः वडा सचिव

दस्तखत :

मितिः

**<u>साक्षीः</u>**

श्री......................पद..................

श्री...........................पद..................

**<u>लाभग्राहीको तर्फबाट</u>**

लाभग्राहीको नामः

ठेगानाः

दस्तखतः

मितिः

साक्षीः

**आज्ञाले,**

थम्मन सिंह गौतम

प्रमुख प्रशासकीय अधिकृत

मितिः-२०८०/१२/२०

गलकोट नगरपालिका